स्वच्छ र स्वतन्त्र पत्रकारिताको प्रतिक

# नव जनचेतना

NAWA JANACHETANA NATIONAL DAILY राष्ट्रिय दैनिक



गीतसंगीत क्षेत्रमा गायक प्रकाश सपूतले आफ्नो फराकिलो प्रकाश छरिसकेका छन् । उनका गीत जति चर्चित हुन्छन्, त्यतिकै प्रभावशाली हुन्छन् गीतमा उठाइएका मुद्दा पनि । प्रकाश फिल्ममा कथा भन्ने तयारीमा छन् । उनको डेब्यु निर्देशनमा बन्न लागेको फिल्म 'वसन्त'को एक घोषणा गरियो । यसमा प्रकाशको निर्देशनसँगै लेखन, अभिनय, संगीत तथा निर्माण पनि रहनेछ । फिल्ममा उनले वर्ण व्यवस्था र जात व्यवस्थाले पिल्सिएको दलित समुदायको कथा उठान गर्दैछन् ।

**आजको विचार...**



यहाँ... (दुई पेजमा)

ललितकुमार यादव



अभिनेत्री तथा निर्मात्री स्वस्तिमा खड्काले केकी र 'बोक्सीको घर'को समर्थन गर्दै नेपाली फिल्म क्षेत्रको मनोविज्ञानबारे विश्लेषणात्मक टिप्पणी गरेकी छन् । नेपाली फिल्म क्षेत्रमा 'बोक्सी'जस्तै केही रुढिवादी चिन्तन रहेको र ती चिन्तनलाई यो फिल्मले जरामा आगो लगाइदिएको स्वस्तिमाको भनाइ छ । विशेषत: मुख्य चार रुढिवादी चिन्तन नेपाली फिल्ममा व्याप्त रहेको स्वस्तिमाको भनाइ छ, '३० वर्ष उमेर पार भएकी अभिनेत्रीलाई दर्शकले पर्दामा हेर्न चाहँदैनन् ।

❐ वर्ष २९ ❐ अंक २७७ ❐ २०८१ वैशाख २५ गते मंगलबार 7 May 2024, Tuesday ❐ पृष्ठ संख्या ४ मूल्य रु ५/-

# जनताका समस्या पाल्पा काँग्रेसको प्राथमिकता

## समाधानका लागि सिडियोलाई गरायो ध्यानाकर्षण

**रामचन्द्र रायमाझी**

**पाल्पा,** वैशाख २४/नेपाली काँग्रेस पाल्पाले जनताका जल्दाबल्दा समस्यामा चासो देखाएको छ । उसले दैवी विपत्ति, जंगलमा डढेलो, मानव बस्तीमा आगलागी, वातावरणीय प्रदुषण तथा विभिन्न संघ संस्थाबाट सर्वसाधारण नागरिकहरुले खेप्नु परेका समस्याहरुका बारेमा चासो देखाएको हो ।

राजनीति भन्दा माथि उठेर जनताका समस्या र पीडालाई काँग्रेसले अहिले प्राथमिकतामा राखेको छ । लोकतन्त्रमा जनता नै जनार्दन भएकाले जनताकै लागि पार्टी समर्पित रहेको जिल्ला सभापति हिमालदत्त श्रेष्ठले बताए । उनले अहिले जनता हरेक समस्याबाट ग्रसित रहेका बेला पार्टीले उनीहरुका समस्यालाई प्राथमिकतामा राखेर अगाडि बढेको उल्लेख गरे । अहिलेको अवस्थामा जनताले भोग्नु परेका समस्या, पीडामा पार्टीसँगै रहेको भन्दै ति समस्या समाधानमा सम्बन्धित निकायलाई ध्यानाकर्षण समेत गराएको सभापति श्रेष्ठले बताए । काँग्रेसले विगत केही दिनदेखि पाल्पाका विभिन्न स्थानमा आगलागी, वनजंगलमा डढेलो, वातावण प्रदुषण बढ्दै गएको र यातायातको भाडादरमा अपारदर्शिता, पशुचौपायाको अवैध निकासी भएका विषयमा प्रमुख जिल्ला अधिकारी आनन्द काफ्लेको ध्यानाकर्षण गराएको छ । सोमबार जिल्ला सभापति हिमालदत्त श्रेष्ठको नेतृत्वमा गएको काँग्रेस नेताहरुको एक टोलीले जिल्ला प्रशासन कार्यालय पुगेर प्रमुख जिल्ला अधिकारी काफ्लेको ध्यानाकर्षण गराएको हो । काँग्रेसले लामो खडेरी र प्रचण्ड गर्मीका कारण आगलागीका घटना बढ्दै जाँदा जनजीवन अस्तव्यस्त हुनुको साथै ठूलो भौतिक क्षति व्यहोर्नु परेकोप्रति गम्भीर ध्यानाकर्षण भएको जनाएको छ । उसले जंगल र मानववस्तीमा सल्केको आगो नियन्त्रणबाहिर जाने अवस्थामा रहेकाले बेलैमा प्रभावकारी कदम नचालिए थप जनधनको क्षति हुनुको साथै पर्यावरणीय सन्तुलनमा समेत व्यापक असर पार्ने भएकाले त्यसतर्फ स्थानीय, प्रदेश, संघीय सरकार र राजनीतिक दलहरुसँग समन्वय गरी प्रकोप न्यूनिकरण र राहतका लागि यथाशीघ्र कदम चाल्न प्रजिअलाई आग्रह गरेको छ । काँग्रेसले देशभर सहकारी काण्डका घटनाहरु बहिर आइरहेकाले पाल्पामा पनि त्यस्तो अवस्था सिर्जना नहोस् भन्ने उद्देश्यले आवश्यक समन्वय र अनुगमन गर्न माग गरेको छ । काँग्रेस जिल्ला सभापति हिमालदत्त श्रेष्ठद्वारा जारी ध्यानाकर्षण पत्रमा पाल्पा जिल्लामा सञ्चालित सहकारीको अवस्था के छ ? बचत र ऋण परिचालन सहकारीको मापदण्डअनुसार भएको छ कि छैन ? यस विषयमा कानुनको अधिनमा रही आवश्यक समन्वय र अनुगमनका निम्ति जोडदार माग गर्नुका साथै आमजनताले आफ्नो पसिना खर्च गरेर जम्मा गरेको बचत कुनै पनि अवस्थामा डुब्नु हुँदैन भन्ने मान्यतामा नेपाली काँग्रेस आडिग रहेको उल्लेख गरिएको छ । नागरिकको जीउधनको सुरक्षा राज्यको पहिलो प्राथमिकता रहेको र हुनुपर्ने काँग्रेसले जनाएको छ । जनताका हरेक समस्यामा काँग्रेस पाल्पा सबैसँग हातेमालो गरेर हिड्न तयार रहेको पत्रमा उल्लेख छ । 'लामो खडेरीका कारण कृषि उत्पादनमा पर्ने असर र यसले आमकृषकलाई पार्ने क्षति न्यूनीकरणका निम्ति आवश्यक समन्वयका लागि सम्बन्धित निकायको ध्यानाकर्षण गराउँछौं' ध्यानाकर्षण पत्रमा भनिएको छ । विगत केही दिनदेखि कालीगण्डकी कोरीडोर भएर अवैध रुपमा पशुचौपाया निकासी भईरहेको भन्ने व्यापक जनगुनासो आइरहेको र सोही विषयमा लिएर रामपुरमा भडपसमेत भएको विषयप्रति नेपाली काँग्रेसको गम्भीर ध्यानाकर्षण भएको समेत ध्यानाकर्षण पत्रमा उल्लेख छ । सो विषयमा सत्यतथ्य जनसमक्ष ल्याउन र आगामी दिनहरुमा त्यस्ता गतिविधि हुन नदिने व्यवस्था गर्न पनि काँग्रेस पाल्पाले जोडदार माग गरेको छ । उसले स्वास्थ्य बीमा सबै नेपालीको स्वास्थ्य उपचारसँग सम्बन्धित विषय भएकाले सबैसँग मिलेर स्वास्थ्य बीमा कार्यक्रम सहज र विरामीमैत्री बनाउन सम्बन्धित निकायसँग काँग्रेसले पहल गरेको पनि बताइएको छ । तर सेवा प्रदायक स्वास्थ्य संस्थाहरुबाट सहज सेवा प्राप्त भएन भन्ने जनगुनासो आएकाले यसप्रति पनि काँग्रेसको ध्यानाकर्षण भएको छ । उसले यस विषयमा सिफारिश प्रक्रिया झन्झटिलो भएकाले उक्त प्रक्रिया सरल र सहज बनाउन सम्बन्धित निकायमा तत्काल पहल गरिदिन समेत प्रजिअ काफ्लेसँग जोडदार माग गरेको छ । काँग्रेसले जिल्ला भित्रका विभिन्न ठाउँमा निर्माण र मर्मत सम्भारको काम भइरहेका ठाउँहरुमा खाल्डा खुल्डी धुलो आदिका कारणले यात्रु वर्गलाई असुविधा भइरहेकाले त्यसतर्फ पनि ध्यान दिन भनेको छ । उसले पाल्पामा सञ्चालित खानी, उद्योगहरु मापदण्ड अनुसार नचलेको, नजिकमा मानववस्तीमा वातावरणीय असर पुगिरहको भन्ने जनगुनासोप्रति पनि आफ्नो ध्यान आकर्षण भएको जनाएको छ । तत्काल यसको व्यवस्थापनका लागि पनि काँग्रेसले माग गरेको छ । जिल्लामा रहेका सार्वजनिक जग्गा र यहाँ रहेका ऐतिहासिक, सांस्कृतिक पुरातात्विक, धार्मिक सम्पदाहरुको संरक्षण र सम्वर्द्धनमा समेत ध्यान दिनुपर्ने ध्यानाकर्षण पत्रमा उल्लेख छ । प्रमुख जिल्ला अधिकारी आनन्द काफ्ले ध्यानाकर्षण पत्र बुझ्दै काँग्रेसले ध्यानाकर्षण गराएका जनसरोकारका विषयमा आफ्नो गम्भीर ध्यानाकर्षण भएको बताएका छन् । उनले काँग्रेसले उठाएका केही विषयहरु सम्बोधन भइसकेको र केही सम्बोधनकै क्रममा रहेको उल्लेख गरे । प्रजिअ काफ्ले जनताका समस्याहरु समाधानमा स्थानीय, प्रदेश, संघीय सरकार राजनीतिक दलहरुसँग समन्वय भइरहेको बताए । कार्यक्रममा काँग्रेस जिल्ला सचिव सुनिता अधिकारीले ध्यानाकर्षण पत्र वाचन गरेर सुनाएकी थिइन ।




## सङ्क्षिप्त समाचार

### 'लुम्बिनी पर्यटकीय क्षेत्रको खानी हो'

**नवलपरासी,** वैशाख २४/लुम्बिनी प्रदेशका प्रदेश सभा सदस्य एव लुम्बिनी प्रदेशका वन, वातावरण तथा कृषि समितिका सभापति बिश्वप्रेम पाठकले लुम्बिनी प्रदेशका पर्यटकीय क्षेत्रको खानी रहेको बताएका छन् । पश्चिम नवलपरासीको बर्दघाटमा आयोजित त्रिदिवसीय साहित्यिक, सास्कृतिक तथा पर्यटन महोत्सव २०८१ लाई सम्बोधन गर्दै उनले लुम्बिनी प्रदेशका १२ वटै जिल्लामा पर्यटनको प्रचुर सम्भावना रहेको बताएका हुन् ।

उनले भने,'भगवान गौतम बुद्ध जन्मेको प्रदेश लुम्बिनी प्रदेशमा पाल्पाको रानीमहल, प्युठानको स्वर्गद्वारी, अर्घाखाँचीको सुपादेउराली, नेपालगन्जको बागेश्वरी, रुपन्देहीको लुम्बिनी नवलपरासीको रामग्राम स्तुप, कंचनगढी जस्ता ठाउमा पर्यटनको अचुक सम्भवना बोकेका ठाउँ छन् । यहाँ पर्यटन भित्र्याउन सके स्थानीय पालिका, लुम्बिनी प्रदेश हुँदै राष्ट्रको नै जिडिपी बढ्छ र देशको आर्थिक विकास हुन्छ ।' पाठकले अहिलेको समाजमा बैचारिक बहसको कमी भएको उल्लेख गरे । साहित्यले विचार ल्याउने र त्यो बिचारमा बहस र मन्थन गर्दै निष्कर्ष निकाल्न सके समाजमा सकारात्मक परिवर्तन ल्याउन सकिने पाठकको भनाइ छ ।

### बुटवलबाट १३ भारतीय पक्राउ

**बुटवल,** वैशाख २४/बुटवलबाट १३ भारतीय नागरिक पक्राउ परेका छन् । बुटवलमा फ्ल्याट भाडामा लिएर अनलाईन सट्टेबाजी खेलाउने कार्यमा संलग्न रहेको आशंकामा इलाका प्रहरी कार्यालय बुटवलले १३ जना भारतीयलाई सोमबार पक्राउ गरेको हो । उनीहरुले बुटवल उपमहनगरपालिका-९ कालिकानगरको कालिकापथमा घर भाडामा लिएर अनलाइन गेम खेलाउने र सट्टेबाजी गराउने गर्दै आएको जनाइएको छ । उनीहरुले फ्ल्याट भाडामा लिएर अवाञ्छित गतिविधि गरेको भन्ने सूचनाको आधारमा इलाका प्रहरी कार्यालय बुटवल र वडा प्रहरी कार्यालय रामनगरको टोलीले छापा मार्ने क्रममा १३ जना भारतीय युवाहरु पक्राउ परेको इलाका प्रहरी कार्यालय बुटवलले जनाएको छ ।

# बुटवलको सडक निर्माण अलपत्र पारेपछि ठेक्का रद्द

**लुम्बिनी,** वैशाख,२४/बुटवलको राजमार्ग चौराहादेखि गोलपार्कसम्मको सडक निर्माण सात वर्षमा पनि पूरा नभएपछि ठेक्का रद्द गरिएको छ । बुटवलको मुख्य बजार क्षेत्रको साढे तीन किलोमिटर सडक सात वर्षअघि बिरुवा कन्स्ट्रक्सन कम्पनी प्रालिले ठेक्का पाएको थियो । समयमै निर्माण पूरा गर्न संघ, प्रदेश र स्थानीय सबै तहका जनप्रतिनिधिको आग्रह र निर्देशनलाई निर्माण व्यवसायीले बेवास्ता गरेपछि ठेक्का रद्द गरिएको हो । सडक डिभिजन कार्यालय बुटवलका सूचना अधिकारी महेश्वर दाहालले पटक-पटकको आग्रह र निर्देशनलाई बेवास्ता गरेपछि ठेक्का तोडिएको बताए । कार्यालयले छिट्टै नयाँ सहमति अनुसार अर्को ठेक्का आह्वान गर्ने बताए । आर्थिक वर्ष २०७३/७४को तीन वर्षमा सक्ने गरी ठेक्का सम्झौता भएको आयोजनाको अहिलेसम्म ५० प्रतिशत मात्र सकिएको छ । उक्त आयोजना रु ५३ करोड ९७ लाख ९९ हजारमा ठेक्का लागेको हो । सडक डिभिजन कार्यालयले निर्माण व्यवसायीलाई पटक-पटक ठेक्का तोड्ने चेतावनी दिँदै समयमा काम सक्न अनुरोध गरे पनि निर्माण व्यवसायी सुवित श्रेष्ठले त्यसलाई बेवास्ता गरेको कार्यालयले जनाएको छ । डिभिजन सडक कार्यालय, बुटवलका प्रमुख विसुनदास लामाले काम सम्पन्न गर्नेतर्फ कम्पनीले चासो नदेखाएपछि ठेक्का तोडिएको बताए । ठेक्का सम्झौताका सर्तबमोजिम दायित्व पूरा नगरेकाले सार्वजनिक खरिद ऐन, २०६३ को दफा ५९ अनुसार ठेक्का अन्त्य गर्ने निर्णय गरिएको डिभिजन प्रमुख लामाले बताए । निर्माणाधीन सडक अलपत्र हुँदा बुटवल बजार क्षेत्र अस्तव्यस्त छ । -रासस



## सन्तोष चलचित्र मन्दिरमा...




आजदेखि भव्यताका साथ प्रदर्शन हुँदैछ सुपरहिट नेपाली फिलम जारी पछि दर्शकको प्रखाईमा रहेको चलचित्र **'मनसरा'** । साथै नेपाल अधिराज्यभर अपार सफलतापूर्वक चलिरहेको चलचित्र **'बोक्सीको घर'** पनि चलिरहेको छ । स-परिवारका साथ अवश्य पाल्नु भइ भरपुर मनोरञ्जन लिनुहोस् ।

**शो समय :**

***बोक्सीको घर :*** *पहिलो शो : ११:३० बजे*

***मनसरा :*** *दोस्रो शो : २:३० बजे र तेश्रो सो साझ ५:३० बजे*

*(नयाँ डल्बी डिजिटल साउण्ड, न्यू प्रोजेक्टर र लक्जरी सिटमा)*

टिकट बुकिङ्ग नं. : ९८४७३९८५५५

पा.जि.हु.द.नं. ०५१/०५२ पा.जि.प्र.का.द.नं. १९/०५१/०५२

जनचेतना

# सम्पादकीय

## लगानी सम्मेलन प्रतिबद्धतामै सीमित नहोस्

**भर्खरै तेस्रो नेपाल लगानी सम्मेलन २०२४ सकिएको छ । वैदेशिक लगानी भित्र्याएर मुलुकको शिथिल अर्थतन्त्रलाई चलायमान बनाउने ध्येयका साथ यसवर्ष दुई दिने लगानी सम्मेलन गरिएको थियो । सम्मेलनमा ५५ देशका लगानीकर्ता तथा दातृ निकायका प्रतिनिधिहरु सहभागी रहेका थिए । उनीहरु सामु सरकारले लगानीका अवसरहरू प्रस्तुत गर्दै तिनमा चासो जगाउनु आफैंमा सकरात्मक मान्नुपर्छ । सरकार र प्रतिपक्षले एकै स्वरमा लगानीको समग्र पारिस्थितिक प्रणालीमा सहजीकरण एवं सुरक्षा प्रत्याभूतिका लागि प्रतिबद्धता जनाउनुलाई समेत अर्थपूर्ण रुपमा हेरिएको छ ।**

**सम्मेलनमा सरकारका तर्फबाट मात्र होइन, सत्तारूढ दल र विपक्षी दलका नेताले समेत सम्बोधन गर्दै निजी लगानीलाई प्रोत्साहन एवं सहजीकरण गर्ने प्रतिबद्धता गरेका छन् । एकातिर सरकार अस्थिर भइरहने, अर्कातिर राजनीतिक दलहरूको नीतिगत अलमलले संशय सिर्जना गरिरहेका बेला निजी लगानीप्रति प्रमुख राजनीतिक दलहरूले यसरी समान धारणा एवं प्रतिबद्धता व्यक्त गर्नु सुखद छ । यसले लगानीकर्तामा पक्कै सकारात्मक सन्देश प्रवाह गरेको हुनुपर्छ । देशमा साढे ६ अर्ब स्वदेशी तथा विदेशी लगानी भित्र्याउने सम्झौता सम्मेलनमा गरिएको छ । सम्मेलनमा तीन परियोजनामा लगानी र ७ वटा विविध सहकार्यसम्बन्धी सम्झौता पनि भएको छ । यो आफैंमा राम्रो पक्ष हो । तर विगतका लगानी सम्मेलनको अनुभवलाई आधार मान्ने हो भने सम्मेलनमा गरिएका लगानी प्रतिबद्धता बराबरको रकम मुलुकभित्र भित्रिएको देखिँदैन । यसो हुनु गलत हो । विदेशी लगानीकर्ताले लगानी सम्मेलनमा गरेका प्रतिबद्धताअनुसार नेपालमा लगानी गरेका छैनन् । यसैकारण विगतका लगानी सम्मेलनबाट मुलुकले अपेक्षित लाभ लिन सकेको देखिँदैन । सम्मेलन केवल प्रचारबाजीले मात्रै सफल नहुने विगतकै उदाहरण र अनुभव छन् । त्यसबाट पाठ सिकेर प्रतिबद्धता कार्यान्वयनमा सबैले ध्यान दिनुपर्छ । यसो भयो भने मात्र सम्मेलनको सार्थकता रहन्छ । यसर्थ तेस्रो लगानी सम्मेलनमा भएका प्रतिबद्धता पनि विगतमा जस्तै कागजी प्रतिबद्धतामा मात्र सीमित नहोस् ।**

## Opinion @ Social Network

आफू खुसी गर्छ ऊ, बोध छैन दायित्वको, देखाउँछ मात्र चटारो

*(कमला न्यौपानेफेसबुक स्टाटसबाट https://www.facebook.com/kamalanyaupane)*

यो स्तम्भमा सामाजिक संजालमा पोष्ट गरिएका धारणाहरु राख्नेछौं । यसका लागि हाम्रो फेसबुक पेज www.facebook.com/shittalpati मा लगअन गर्न सक्नुहुनेछ ।

**नवजनचेतना दैनिक**को रुपमा तपाईसामु आईरहेको छ । यो पत्रिका अझ स्तरीय अनि पठनीय बनाउनको लागि तपाईहरुको अमूल्य सुझावहरुको हामीलाई अत्यन्तै जरुरी छ । पाठकवृन्द तपाईका सुझावहरु दिई हामीलाई सहयोग गर्नुहुन हामी अनुरोध गर्दछौं ।

**नवजनचेतना दैनिक**
भगवतीटोल तानसेन, पाल्पा

# यहाँ देशको छैन चिन्ता



ललितकुमार यादव

> *कृषिबाट किसानले जीविको पार्जन गर्न सकेका छैनन् । कृषिमा यी समस्याहरू रहेसम्म कृषिप्रधान देशको प्रगति कसरी हुनसक्छ ? कृषिमा सरकारले लगानी गरेको छ तर प्रतिफल प्राप्त हुन सकेको छैन । यसको कारण खोजी समस्या समाधान गर्न सरकारले कुनै चासो दिएको देखिँदैन । मुलुक भित्र रोजगारीको अवसर छैन । सरकार युवाहरूलाई खाडीमा जोखिमपूर्ण रोजगारीमा पठाउन पाएकैमा रमाएको छ । मुलुक भित्रै रोजगारीको अवसर सिर्जना गर्नुपर्नेमा फ्रि भिसार फ्रि टिकटमा सरकार ले आफ्नो सफलता देख्दै आएको छ । युवाजतिलाई खाडीमा पठाएर मुलुकको विकास सम्भव छैन भन्ने कुरा सरकारले बुझेको छ तर हरेक सरकारले बुझ पचाउँदै आएका छन् । अधिकांश नेपालीले आफ्नो आम्दानीको ठूलो हिस्सा शिक्षार स्वास्थ्यमा खर्च गर्नुपरेको छ ।*

नेपालमा पटक-पटक व्यवस्था बदलियो तर देश र जनताको अवस्था उस्तै छ । देश र जनताको अवस्था किन बदलिएन वा कहिले बदलिन्छ ? दलहरूको शासन गर्ने शैली मुलुकको जल्दोबल्दो समस्या समाधान गर्ने शैलीमा कहिले बदलिन्छ ? यी नेपाली राजनीतिको जहिलेसुकैको यक्ष प्रश्न हुन् । शासन चलाउनेहरूमा शासन चलाउने सामर्थ्य र विधिको शासन गर्ने प्रतिबद्धता दुवै देखिँदैन । त्यसैले बदलिएको व्यवस्थामा पनि अवस्था बदलिएन । तसर्थ शासकको शक्ति होइन, शैली फेरिनु आजको आवश्यकता हो । जनताको चेतना र रानीतिक आन्दोलनसँगै देशमा व्यवस्था बदलिँदै आएको छ । तर राजनीतिक दलहरूको शासनशैली बदलिएको आभाससमेत जनताले गर्न पाएका छैनन् । सत्ता जोगाउन र सत्ता प्राप्त गर्न दलहरूबीचको सधैंभरिको राजनीतिक खिचातानी, केन्द्रदेखि प्रदेशसम्मको सत्ताको फोहरी खेल, राजनीतिक दल, तिनका नेताहरूको लोकतन्त्र, संसदीय प्रणाली प्रतिकूलको कार्यशैली, जीवनशैली हेर्दा लाग्छ यहाँ देशको छैन चिन्ता अनि दल र नेताहरूलाई समर्पित गर्दै गुनगुनाउन मन लाग्छ ।

***यहाँ देशको छ चिन्ता,***
***तिमी माया माया भन्छ्यौं-३***
***(साँच्चै नबुझ्ने हौं कि)-२***
***नबुझ्ने जस्तै बन्छ्यौ ।***
***(शब्द कृष्णहरि बराल)***

२०४७देखि २०८० सालसम्म आइपुग्दा नेपाली लोकतन्त्रले विभिन्न प्रकारको अभ्यास गरेको छ । राजासहितको संसद्, राजाविहीन संसद् र सत्ता दुवैको अनुभव बटुलेको छ । नेपाली लोकतन्त्रले प्रतिपक्षविहीन संसदको अनुभवसमेत बटुलेको छ । नेपाली राजनीतिक दल र तिनका नेताहरूले लोकतान्त्रिक शासन व्यवस्था स्थापना गर्न गरेका कठोर संघर्षलाई बिर्सिन सकिँदैन । तर, नेताहरू आफैंले कठोर संघर्ष गरेर ल्याएको लोकतान्त्रिक शासन व्यवस्थालाई संस्थागत गर्न नसकेको यथार्थलाई नकार्न पनि सकिँदैन । प्राप्त उपलब्धिलाई संस्थागत गर्नुको सट्टा नेताहरू पैसा र पदका लागि मरिहत्ते गरिरहेका छन् । जनतातिर फर्केर हेर्नै छाडेका छन् । विकास, सेवाप्रवाह र व्यवस्थाका लागि नियम बनाउने र परिपालन गर्ने गराउने कार्य शासन हो । जनताको हित र कल्याणमा राज्यशक्ति लगाउनुपर्दछ । परम्परागत रूपमा नागरिकलाई नियन्त्रण गर्नु, कर उठाउनु र सुरक्षा गर्नु शासनको उद्देश्य थियो भने अहिले जनतालाई सेवादिनु, विकासका लाभहरू प्रदान गर्नु र लोकतान्त्रिक अधिकारहरू स्थापित गर्नु शासनको उद्देश्य हुनुपर्दछ । संसदीय शासन पद्धतिमा राज्यशक्तिको यथोचित प्रयोगका लागि सरकारका तीन अंगहरूको निर्माण गरिएको हुन्छ । ती अंगहरू एक अर्काबाट पृथक रहने व्यवस्था गरिएको हुन्छ । जनसहभागिता एवं उत्तरदायित्व, राजनीतिक स्थायित्व, हिंसारहित समाज, सेवाप्रवाहको प्रभावकारिता र नियमन, विधिको शासन, विकास व्यवस्थापन, न्याय र भ्रष्टाचार नियन्त्रणजस्ता सूचकको आधारमा शासनको प्रभावकारिताको मापन गरिन्छ । शासन संविधान, नियम, कानुन, संस्कार र विधि एवं पद्धति अनुसार सञ्चालित हुनुपर्छ । शासन जनसेवामा केन्द्रित र जनताको इच्छा एवं आकांक्षालाई सम्बोधन गर्ने हुनुपर्दछ तर नेपालको सन्दर्भमा संविधानवाद र कानुनी शासन स्थापित हुनै सकेको छैन । सरकारका अंगहरू पनि विवादरहित रहन सकेका छैनन् । कानुनी शासन हुनुपर्नेमा, कानुनद्वारा शासन सञ्चालन हुँदै आएको छ । अर्थात विधिको शासन लागु हुनुपर्नेमा शासनको विधि लागू गरिएको छ । मूलत: राजनीतिक संस्कार तथा ऐक्यबद्धता, जनताप्रतिको उत्तरदायित्व एवं जवाफदेहितामै खोट रहेको देखिन्छ । जनताले नयाँ सोच, पारदर्शी, गतिशील, सुशासन र सुसंस्कृत राजनीतिक संस्कार खोजेका छन् । तर, जनताले परिवर्तनको आभाससमेत गर्न सकेका छैनन् । दलहरू सत्ताका लागि जे पनि गर्न तयार रहेको देखिन्छ । जनादेशलाई स्वीकार गरेर अगाडि बढ्नुपर्नेमा जनादेशको अपमान गर्ने काम दलहरूबाटै भएको छ । नेताहरूले आफू अनुकूल संविधान र कानुनको व्याख्या गर्ने र पुरानो विसंगतियुक्त तथा विकृत संसदीय प्रवृत्ति एवं राजनीतिक संस्कार दोहोऱ्याइरहेका छन् । सरकार गठन र विघटन गर्न दलहरूबीच अनेक दाउपेच चल्दै आएको छ । सत्तागठबन्धनको फेरबदलले मुलुकमा राजनीतिक अस्थिरतामात्र निम्त्याएको छैन यसले सरकारको प्रभावकारितामा झन् ह्रास ल्याउने र मुलुकमा आरजकता बढाउने कामसमेत गरेको छ । सरकार गठन गरेर शासनमात्र गर्ने कि मुलुकको समस्याको सामाधान पनि गर्ने ? देशका जल्दाबल्दा समस्यहरूको पहिचान गरी तिनीहरूको निराकरणका उपाय खोज्ने कि अझै समस्याहरू नै जन्माइरहने ? विकास निर्माणको काममा तीव्रता दिने कि भ्रष्टाचारलाई बढावा दिने ? सामाजिक रूपान्तरणको कार्यलाई अगाडि बढाउने कि समाजलाई झन् पछाडि पार्ने ? सेवा प्रवाहलाई प्रभावकारी बनाउने कि झन् सुस्त बनाउने ? सुशासनलाई बढावा दिने कि विकृति र कुशासनलाई बढावा दिने ? शासकहरू संविधान र कानुनको अधिनमा किन बस्न सकेका छैनन् ? यी र यस्तै प्रश्नको उत्तर खोज्दै छन्, आमजनताले । कुन-कुन दल सरकारमा जाँदा मुलुकका समस्याहरू सामाधान गर्न सकिन्छ र जनप्रिय सरकारको रूपमा स्थापित गर्न सकिन्छ । कुन-कुन दल प्रतिपक्षमा बसेर सरकारलाई सही बाटोमा हिँडाउन सकिन्छ र रचनात्मक प्रतिपक्षको भूमिका निर्वाह गर्न सकिन्छ । दलहरूको ध्यान यसमा केन्द्रित हुनै सकेको छैन । सबैलाई जसरी भए पनि सत्ता नै चाहिएको छ । सत्ताका लागि जसरी पनि आवश्यक संख्या पुऱ्याउनुमै दलहरूले आफ्नो सफलता देख्दै आएका छन् । सरकारमा जाने दलहरूबीच साझा अर्थ राजनीतिक कार्यक्रम आवश्यक पर्छ भन्ने कुरा दलहरूले महसुस गर्न सकेका छैनन् । नेपाली अर्थतन्त्र लामो समयदेखि संकटबाट गुज्रिरहेको छ, राज्यले छुट्याउने विकास बजेट प्रत्येक वर्ष कमजोर हुँदै गएको छ, मुलुकभित्र उत्पादन र रोजगारी दुवै घट्दो क्रममा छ, महँगी बढेर आमजनताको जीवनयापनमै समस्या परेको छ, वैदेशिक ऋणको सावाब्याज तिर्न गाह्रो परेको छ । यस्तो अवस्थामा पनि देशको नेतृत्वमा रहेका नेता र दलहरूले यी समस्या समाधान गर्ने कुनै ठोस खाका अगाडि सार्न सकेका छैनन् । उनीहरूको प्राथमिकता केवल सत्तामात्रै रहेको छ । उनीहरूलाई देशको कुनै चिन्ता छैन । सत्तामा गएर मुलुकका समस्या समाधान गर्ने भन्ने परको कुरा भइसकेको छ । मुलुकभित्र उत्पादन घट्दो छ । हरेक वस्तुको आपूर्तिमा निर्भरता बढ्दो छ । कृषि उत्पादनले समेत हामीलाई पुगेको छैन । कृषिमा माटोको उर्वरता घटेकोदेखि मल, बिउबिजनसम्मको अभाव छ । किसानको उत्पादनले बजार र उचित मूल्य पाउन सकेको छैन । कृषिबाट किसानले जीविकोपार्जन गर्न सकेका छैनन् । कृषिमा यी समस्याहरू रहेसम्म कृषिप्रधान देशको प्रगति कसरी हुनसक्छ ? कृषिमा सरकारले लगानी गरेको छ तर प्रतिफल प्राप्त हुन सकेको छैन । यसको कारण खोजी समस्या समाधान गर्न सरकारले कुनै चासो दिएको देखिँदैन । मुलुकभित्र रोजगारीको अवसर छैन । सरकार युवाहरूलाई खाडीमा जोखिमपूर्ण रोजगारीमा पठाउन पाएकैमा रमाएको छ । मुलुकभित्रै रोजगारीको अवसर सिर्जना गर्नुपर्नेमा फ्रि भिसा र फ्रि टिकटमा सरकारले आफ्नो सफलता देख्दै आएको छ । युवाजतिलाई खाडीमा पठाएर मुलुकको विकास सम्भव छैन भन्ने कुरा सरकारले बुझेको छ तर हरेक सरकारले बुझ पचाउँदै आएका छन् । अधिकांश नेपालीले आफ्नो आम्दानीको ठूलो हिस्सा शिक्षा र स्वास्थ्यमा खर्च गर्नुपरेको छ । यही कारणले नेपाली जनताको आर्थिक अवस्था माथि उठ्न सकेको छैन । सरकारले शिक्षा र स्वास्थ्यमा लगानि गरेको छ तर जनताले शिक्षा र स्वास्थ्य सेवा लिन निजी क्षेत्रको भर पर्नुपरेको छ । सरकारी शिक्षा र निजी क्षेत्रको शिक्षामा यति भिन्नता छ कि आमनेपाली जनता आफ्नो छाक काटेरसमेत आफ्ना सन्तानलाई निजी शिक्षण संस्थामा पढाउन बाध्य छन् । गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवाका लागि निजी क्षेत्रको भर पर्नुको विकल्प नै छैन । फेरि निजी क्षेत्रको शिक्षा र स्वास्थ्य सेवा यति महँगो छ कि आफ्नो छाक काटेर आफ्ना सन्तानलाई निजी शिक्षण संस्थामा पढाउन र जायजेथा बेचेर भए पनि आफ्नो उपचार निजी स्वास्थ्य संस्थामा गराउन जनता बाध्य छन् । जनतालाई सर्वसुलभ गुणस्तरीय शिक्षा र स्वास्थ्य सेवा दिने दायित्व राज्यको हो । राज्यले आफ्ना यी दायित्वमात्र पूरा गरिदिने हो भने पनि अधिकांश नेपालीको आर्थिक अवस्था उक्सिनेमा कुनै शंका छैन । अपराधलाई राजनीतीकरण र राजनीतिको आवरणमा अपराध गर्नु मुलुकमा सामान्य जस्तै भइसकेको छ । राज्यशक्तिको प्रयोग गर्ने तीन वटै अंगले आ-आफ्नो मर्यादा र सीमाभित्र रहेर इमानका साथ राज्यशक्तिको प्रयोग गरेमात्र मुलुकमा संविधानवाद र सुशासन लागू हुन सक्दछ । तीनवटै अंग र तीन तहको सरकारले एक अर्काको अधिकार क्षेत्रमा हस्तक्षेप गर्नु हुँदैन । मुलुकको समस्या समाधान गर्न पात्रता भएका पात्रहरूलाई सत्तामा ल्याउन जति जरुरी छ शासकले आफ्नो शासनशैली फेर्न त्यति नै जरुरी रहेको छ । तीनै तहको सरकारले संविधानवाद र सुशासनको प्रत्याभूति गर्न सके सीमित साधन स्रोतका बाबजुद देशले समृद्धि हासिल गर्नेमा शंका छैन ।

***-इहिमालय टाइम्स डटकम***

## महत्वपूर्ण टेलिफोन

**प्रहरी कार्यालय**
बुटवल ०७१-५४०२२२
स.प्र.क्याम्प बुटवल ९७४७०४३४६९
बुटवल रामनगर ०७१-५४१२३३
भैरहवा ०७१-५२०१९९
अर्घाखाँची ०७७-५२११९९
गुल्मी ०७९-५२०१९९
परासी ०७८-५२०१९९
तौलिहवा ०७६-५६००९९
पाल्पा ०७५-५२०५३६, ५२०१९९
इप्रका रामपुर ०७५-६९१५१५
**अस्पताल कार्यालय**
लुम्बिनीसिटी अस्पताल ०७१-५५१५५७, ५५१५५८
लुम्बिनी अञ्चल अस्पताल ०७१-५४०२००, ५४०२०१
भिमअस्पताल भैरहवा ०७१-५२०१९३
मिसनअस्पताल पाल्पा ०७५-५२०१११, ५२०४८९
परिवार नियोजन संघ पाल्पा ०७५-५२०७२३
पाल्पा जिल्ला अस्पताल ०७५-५२०१५४
लुम्बिनी मेडिकल कलेज प्रभास ०७५-४११२०१
पिचन्द्र परासी ०७८-५२०१८८
भैरहवा आँखा अस्पताल ०७१-५२०२६५
अर्घाखाँची जिल्ला अस्पताल ०७७-५२०२५७
तम्घास जिल्ला अस्पताल ०७९-५२०१८८
तौलिहवा जिल्ला अस्पताल ०७६-५६०२००
सिद्धार्थबाल महिला अस्पताल ०७१-५४४४५०
बुटवल हस्पितल ०७१-५४६४३२
लुम्बिनी नर्सिङ होम ०७१-५४२६४१, ५४५६४१
रेडक्रस बुटवल ५४१००४
लायन्स आँखा उ. केन्द्र बुटवल ५४५८४५
मेडिटेक अस्पताल ५४९०७२
कान्तिपूर डेण्टल हस्पिटल ०७१-५४७८४०
आँखा अस्पताल पाल्पा:०७५-५२०३३३, ५२११७९
रामपुर अस्पताल: ०७५-४००१५४
**एम्बुलेन्स न.**
रोटरी क्लब बुटवल ०७१-५४४६००
लियो क्लब अफ बुटवल ०७१-५४५८९३
रेडक्रस भैरहवा०७१-५२०२६३
रेयुकाई भैरहवा ०७१-५२६६७३,९८४७०२२४६४
परासी ०७८-५२०१२५
रेडक्रस पाल्पा ०७५-५२०६००
रेडक्रस तौलिहवा ०७६-५६००१५
रेडक्रस अर्घाखाँची ०७७-४२०२७५, ४२०११७
रेडक्रस गुल्मी ०८९-५२०१६३
नेपाल परिवार नियोजन संघ ०७१-५४००८१
लुम्बिनी नसिङ होम प्रा.लि. ०७१-५४१६४१
नेपाल भारतमैत्री समाज मो. ९८४७०२५०९९
जनसेवा क्लब नयाँमिल ११५७०२१२४६
लुम्बिनी नि.व्या.संघ भैरहवा ६२१०५८
बनगाई क्लब बनगाई ०७६-६९०१०२
रेडक्रस देवदह ०७१-५७७०९९
लुम्बिनी मेडिकल कलेज ०७५-५२०८४०
बुटवल जेसिस ९८४७१२९९६४
न्यू एकता क्लव तानसेन : ०७५-५२२२००
परिवार नियोजन संघ पाल्पा : ९८४७१०२७६५
रामपुर टे.इन्स्टी.:९८५७०६२२४७,९८५७०६०५०४

## दैनिक राशिफल

| | |
|---|---|
| **मेष** : समय व्यवस्थापन गर्न गारो होला । जिद्दीपनाले गर्दा काम बिग्रने डर छ । | **तुला** : चिताएको कामले तीव्रता लिनेछ । नोकरीबाट मानसम्मान मिल्न सक्छ । |
| **वृष** : हर्ष र प्रसन्नताका बीचमा समय व्यतीत हुनेछ । स्वास्थ्य पनि सबल नै रहनेछ । | **वृश्चिक** : जग्गा जमिनको कारोबारबाट राम्रो फाइदा हुनेछ । धन हात पनि पर्नेछ । |
| **मिथुन** : सुखमा रमाउने समय छ । नोकरी गर्नेले मानसम्मान पाउनेछन् । | **धनु** : दोधारको अवस्था सिर्जना हुनसक्छ । मेहनेत अनुसार आर्थिक लाभ भने मिल्नेछ । |
| **कर्कट** : रमणीय र सुखद् यात्राको योग छ । धर्म र आस्था बढ्नेछ । | **मकर** : न्यायिक कार्यमा सफलता मिल्ने छ । ठानिएको काम सम्पादन हुनसक्छ । |
| **सिंह** : मान्यजनको सुझाव अप्रिय लाग्ने छ । कार्यमा व्यवधान आइपर्ला । | **कुम्भ** : रचनात्मक काममा जुट्ने समय छ । रोकिएका काम पुन सुरु हुनेछ । |
| **कन्या** : शुभकार्यको चर्चा चल्नेछ । परिवारजनको साथ मिल्नेछ । | **मीन** : यात्रा गर्ने अवसर हुनेछ, आफ्नो हातबाट शुभ कार्य गर्न पनि पाइनेछ । |

## विज्ञान/सूचना प्रविधि

# कसरी पुर्नस्थापित भयो इन्टरनेट सेवा ?




वर्ल्डलिंक, सुबिसु, भायानेट सहितका सेवा प्रदायकहरुले इन्टरनेट सेवा पुनर्स्थापित भएको सूचना जारी गरेका छन् । तर यो स्थायी हो वा अस्थायी समाधान हो भन्ने उनीहरुले खुलाएका छैनन् । विहीबार दिउँसोदेखि अन्तर्राष्ट्रिय ब्याण्डविथ प्रदायकले इन्टरनेट सेवा बन्द गरिदिएका थिए । त्यसबाट सेवाग्राहीहरु मर्कामा परेका थिए ।

**आइएसपीकै सक्रियतामा खुल्यो इन्टरनेट सेवा**

भारतीय ब्याण्डविथ बिक्रेतालाई तिर्न बाँकी बक्यौता यथाशक्य चाँडो भुक्तान गर्ने नेपालका आईएसपीहरुको सामूहिक प्रतिबद्धतापछि मध्यरातिबाट इन्टरनेट सेवा सुचारु भएको हो । 'प्रभावित सबै आईएसपीहरुले रोकिएको भुक्तानी यथाशक्य चाँडो गरिदिने भन्दै प्रतिबद्धता पत्र पठाएपछि उनीहरु सेवा सुचारु गर्न तयार भएका हुन्' ,भायानेट कम्युनिकेसनका प्रबन्ध निर्देशक विनय बोहोराले भने । ९ महिनादेखिको ब्याण्डविथको पैसा पठाउन नेपाल सरकारले रोकेपछि भारतीय कम्पनीहरुले हिजो अपरान्ह ४ बजेदेखि ब्याण्डविथ सप्लाई बन्द गरेका थिए । सरकार र आईएसपीहरुबीच विवादले उपभोक्तालाई दुःख भएको भन्दै उनले ग्राहकलाई दुःख नदिउँ भन्दै अनुरोध गरेपछि केही दिनका लागि सेवा सुचारु गर्न भारतीय कम्पनीहरु तयार भएको उनले बताए । वर्ल्ड लिंक नेपालका सीईओ केशव नेपालले पनि इन्टरनेट सेवा अवरुद्ध नगर्न आग्रह गर्दै पत्र पठाएपछि सेवा पुनर्स्थापित भएको जानकारी दिए । 'तिमीहरुले यसरी इन्टरनेट बन्द गर्न पाउँदैनौं भनेर चेतावनीयुक्त पत्र पठाएपछि सेवा सुचारु भयो,' उनले भने । विहीबार बेलुका सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले विज्ञप्ति जारी गरी नियमानुसार शुल्क तथा रोयल्टी बुझाउन र इन्टरनेट जस्तो अत्यावश्यक सेवा अवरुद्ध नगर्न सेवा प्रदायकलाई अनुरोध गरेको थियो । मन्त्रालयले कानुनी व्यवस्था सम्झाउँदै उक्त अनुरोध गरेको केही घण्टापछि नै इन्टरनेट चल्न थालेको थियो । नेपालमा प्रमुख ब्याण्डविथ प्रदायकले एयरटेल, टाटा, रिलायन्स लगायत कम्पनीबाट ब्याण्डविथ आयात गर्दछन् र नेपालमा इन्टरनेट सेवा उपलब्ध गराउँछन् । नेपालमा इन्टरनेट सेवा प्रदायक कतिपय कम्पनीहरुले सरकारलाई सेवा शुल्क र रोयल्टी वापतको रकम बुझाएका छैनन् । सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले मर्मत सम्भार शीर्षक अन्तर्गतको बेरुजु बक्यौता नतिरेको भन्दै तिर्न ताकेता गरिरहेको छ । तर, इन्टरनेट सेवा प्रदायकहरूले मर्मत सम्भार दूरसञ्चार सेवा अन्तर्गत नपर्ने अडान राख्दै आएका छन् । उनीहरूले दूरसञ्रुचार प्राधिकरणाले मर्मत सम्भारबाट लिएको शुल्क बाहेकको आम्दानीबाट रोयल्टी र आरटीडीएफ 'ग्रामीण दूरसञ्चार विकास कोष' दस्तुर मात्र बुझाउँदै आएका छन् । सरकार र इन्टरनेट सेवा प्रदायकबीचको यही विवादका कारण अन्तर्राष्ट्रिय ब्याण्डविथ प्रदायकले भुक्तानी पाएका छैनन् । नेपालका इन्टरनेट सेवा प्रदायकहरुले भारतको एयरटेलबाट लिएको ब्याण्डविथको एक वर्षदेखि पैसा तिर्न नपाएकाले उसले ताकेता गरिरहेको र जुनसुकै बेला इन्टरनेट अवरुद्ध हुन सक्ने बताउँदै आएका थिए । विहीबार अपराह्न करिब चार बजेतिर नेपालभर इन्टरनेट सेवा प्रभावित भएपछि गएराति नेपाल दुरसञ्चार प्राधिकरणका कर्मचारीहरु भायानेट लगायतको कार्यालयमा पुगेर त्यसको कारणबारे सोधपुछ गरेका थिए । उनीहरुले यतैबाट इन्टरनेट काटिएको हो कि विदेशबाटै हो भन्नेबारे जिज्ञासा राखेका थिए । ***-अनलाइन खबर डटकम***

# काउन्टर विज्ञप्ति निकाल्दै आईस्पान



इन्टरनेट सेवा बन्द भएको सम्बन्धमा सञ्चार मन्त्रालय र नेपाल दूरसञ्चार प्राधिकरण 'एनटीए' को विज्ञप्तिको इन्टरनेट सेवा प्रदायक संघ 'आईस्पान' ले जवाफ दिएको छ । आइतबार एक विज्ञप्ति जारी गर्दै आईस्पानले इन्टरनेट सेवा अवरुद्ध हुनबाट जोगाउने दायित्व मन्त्रालय र प्राधिकरणकोसमेत रहेको उल्लेख गरेको हो । आईस्पानले मन्त्रालयबाट विदेशी मुद्रा सिफारिस पाउनासाथ अपस्ट्रिम सेवा प्रदायकहरूलाई भुक्तानी गर्ने भन्दै यसमा अभिभावकीय भूमिका निर्वाह गर्न सरकारसँग आग्रह गरेको छ । विदेशी अपस्ट्रिम सेवा प्रदायक कम्पनी एयरटेलले इन्टरनेट आपूर्ति बन्द गरिदिएपछि बिहीबार नेपालका निजी क्षेत्रका ठूला सेवा प्रदायकको इन्टरनेट सेवा बन्द भएको थियो । करिब ६ घण्टापछि मात्रै उक्त सेवा चालु भएको थियो । अहिले सरकारले विदेशी मुद्रा सटही सुविधा नदिँदा त्यसरी विदेशी मुद्रा भुक्तानी हुन नसक्दा १३ महिनाको झण्डै ३ अर्बको बक्यौता बाँकी रहेको आईस्पानले जनाएको छ । विज्ञप्तिमा अन्तर्राष्ट्रिय इन्टरनेट ब्याण्डविथ सेवा प्रदायकहरूले भुक्तानी नभएमा इन्टरनेट सेवा अवरुद्ध गर्ने भनी पत्र पठाएको विषय प्राधिकरण र मन्त्रालयलाई जानकारी गराएकोसमेत उल्लेख गरिएको छ । आईस्पानले दूरसञ्चार ऐन, दूरसञ्चार नियमावली र ग्रामीण दूरसञ्चार विकास कोष विनियमावली अनुसार दूरसञ्चार सेवा बापतको आयमा तिर्नुपर्ने रोयल्टी र आरटीडीएफ, आईएसपी तथा नेटवर्क सेवा प्रदायकहरूले नियमित रूपमा बुझाउँदै आइरहेको बताउँदै मर्मत तथा सम्भार जस्ता गैरदूरसञ्चार सेवा शुल्कमा रोयल्टी र आरटीडीएफ दस्तुर तिर्नुपर्ने कानुनी प्रावधान नभएकोसमेत दोहोर्याएको छ । यो विषयमा संसदको सार्वजनिक लेखा समितिले पनिर्णय गरेको र महालेखा परीक्षकको कार्यालयलेसमेत उक्त बेरुजुको लगत कट्टा गरिसकेको तथा सर्वोच्च अदालतबाटसमेत अन्तरिम आदेश दिएको भन्दै यो अवस्थामा सहटी रोक्नु न्यायसंगत नभएको संघको भनाइ छ । सरकारी सेवा प्रदायकले अर्बौं बक्यौता हुँदा पनि सजिलै विदेशी मुद्रा सिफारिस तथा सहजीकरण पाइरहेको दाबी गर्दै संघले निजी क्षेत्रमाथिको यो व्यवहार विभेदकारी भएकोसमेत उल्लेख गरेको छ । ४५ प्रतिशत भन्दा बढी घरधुरीमा इन्टरनेट पुगेको र दशौं हजारौलाई रोजगारी दिई अर्बौंको लगानी भएको यो क्षेत्रलाई प्रोत्साहन गर्न आइस्पानले सरकारलाई आग्रहसमेत गरेको छ ।

***-हाम्रा कुरा डटकम***

# 'वेब डिजाइन' को भविष्य : कसरी मद्दत गर्न सक्छ ?



वेबसाइटले डिजिटल युगमा कम्पनी वा संस्थाको भर्चुअल'अनलाइन' अनुहारको रूपमा काम गर्दछ । वेब डिजाइनको कला र विज्ञान इन्टरनेटको साथ द्रुतरूपमा परिवर्तन हुँदैछ । यदि वेब डिजाइनरले नवाचारलाई अँगालेर परिवर्तन गर्ने प्रवृत्तिमा समायोजन गर्यो भने यस क्षेत्रको उज्ज्वल भविष्य रहेको छ । 'वेब डिजाइन'ले लेआउट, रङ योजना, ग्राफिक्स, र समग्र दृश्य अपीलसहित वेबसाइट को सौन्दर्य र प्रयोगकर्ता अनुभव पक्षहरूलाई बुझाउँछ । अर्कोतर्फ, 'वेबसाइट'ले सिर्जना गर्ने प्राविधिक पक्षहरूलाई समावेश गर्दछ । जस्तै कोडिङ, प्रोग्रामिङ, र डाटाबेस व्यवस्थापन । यस लेखले कसरी कम्पनीहरू र डिजाइनरले वेब डिजाइनको सधैं विकसित भइरहेको क्षेत्रमा पुन:बिक्रेताका लागि वेबसाइट निर्माणकर्ताको प्रयोग गरेर अगाडि बढन सक्छ भन्नेबारे विशलेषण गरेको छ ।

**वेब डिजाइन प्रवृत्तिको भविष्य**

नयाँ प्रवृति देखा पर्दै जाँदा वेब डिजाइनको क्षेत्र निरन्तर परिवर्तन हुँद गइरहेको छ । वेबसाइट निर्माणकर्ताले पुन: बिक्रेतालाई उनीहरूको लक्षित बजारमा अपिल गर्ने दृश्यात्मक र प्रयोगकर्ता-अनुकूल वेबसाइट सिर्जना गर्न मद्दत गर्न सक्छन् । पुन:बिक्रेताका लागि वेबसाइट निर्माणकर्ताले प्रयोगकर्तालाई कोडिङको गहिरो बुझाइको आवश्यकताबिना उनीहरूको रचनात्मक अवधारणा महसुस गर्न सक्षम बनाउँछन् । यी प्रविधि प्रयोग गरेर पुन:बिक्रेताले उल्लेखनीय नतिजा प्राप्त गर्न सक्ने र उनीहरूको वेब डिजाइन प्रक्रियालाई छिटो, गतिशील डिजिटल परिदृश्यमा प्रतिस्पर्धात्मक किनारा कायम राख्न सक्छन् । स्मार्टफोन र ट्याब्लेटको परिचयले सबै प्लेटफर्ममा उत्कृष्ट सम्भावित प्रयोगकर्ता अनुभवको ग्यारेन्टी गर्न आवश्यक प्रतिक्रियाशील डिजाइन बनाएको छ । यसबाहेक, ई-वाणिज्यको विकासले सुरक्षित भुक्तान गेटवे समावेश गरेको र चेकआउट प्रक्रिया छिटो आवश्यक रहेको छ । हालको समयमा साइट डिजाइनमा लुकभन्दा बढी समावेश गरिएको छ । यसले कार्यसम्पादन दक्षता, पहुँच र उपयोगिता समावेश गर्दछ । वेबसाइटहरू चाँडै लोड हुनुपर्ने, प्रयोग गर्न सरल र आगन्तुकलाई चासो राख्न उपयोगी सामग्री हुनुपर्छ ।

**ग्राहकलाई वेबसाइटको आवश्यकता**

अनलाइन उपस्थितिको बढ्दो आवश्यकतामा प्रयास गर्ने व्यवसाय मालिकका लागि वेबसाइट निर्माणकर्ताको पुन: बिक्री लाभदायक रहेको छ । ग्राहकलाई वेबसाइट पुन: बिक्री गर्दा पुन:बिक्रेतालाई अनलाइन उपस्थितिका लागि सरल र किफायती समाधान खोज्ने कम्पनी र मानिसलाई सेवा दिन अनुमति दिन्छ । बढ्दो डिजिटलाइजेशन प्रवृत्तिका कारण वेबसाइटको बढ्दो आवश्यकता रहेको छ । उद्यमीहरूले यस प्रवृत्तिबाट लाभ उठाउन सक्ने र उपयोगी सेवा प्रदान गरेर ग्राहक 'उपभोक्ता' लाई वेबसाइट बिल्डर रिसेलिङमार्फत राम्ररी डिजाइन गरिएको र कार्यात्मक वेबसाइट खोज्नेलाई सन्तुष्ट तुल्याउँछ । 'वेबसाइट बिल्डर रिसेलिङ'ले डिजाइनर र फर्मलाई वेब डिजाइन सेवा आपूर्ति गर्न किफायती तरिका प्रदान गर्दछ । डिजाइनरले विकास समय घटाउने र उत्पादकता सुधार गर्ने र पहिले नै अवस्थित प्लेटफर्म प्रयोग गरेर अफ्ना ग्राहकलाई सन्तुष्ट पार्ने उच्च डिजाइन उत्पादन गर्नमा ध्यान केन्द्रित गर्न सक्छन् । पुन:बिक्रेताले वेबसाइट निर्माणकर्तालाई आफ्नै रूपमा ब्राण्डिङ गरेर आफ्नो प्रतिष्ठा र ब्रान्ड पहिचान बढाउन सक्छन् । प्रतिष्ठित वेबसाइट निर्माणकर्तासँग सहकार्य गर्ने पुन:बिक्रेतासँग सजिलै उपकरण र टेम्प्लेटमा पहुँच रहेको छ । जसले गर्दा उनीहरूलाई ग्राहकका लागि अद्वितीय वेबसाइट सिर्जना गर्न सुविधा दिन्छ । यस व्यापार मोडेलको लचिलोपनका कारण पुन:बिक्रेताले विभिन्न उद्योगका विविध ग्राहकलाई सेवा दिन सक्छन् । वेबसाइट निर्माणकर्ताले ग्राहकलाई पहुँच, अनुकूलन क्षमता, प्रयोगकर्ता-मित्रता प्रदान गर्दछ । ग्राहकले वेबसाइटमा पैसा खर्च गर्नुको सट्टा वेबसाइट निर्माणकर्ताद्वारा प्रस्ताव गरिएका पूर्व-डिजाइन गरिएका विषय वस्तु र अनुकूलित सुविधाबाट छनोट गर्न सक्छन् । यो महँगो र समय खपत हुनसक्छ । यसले पैसा बचत गर्ने र अधिक व्यवस्थित मर्मत र छिटो टर्नअराउडर समय प्राप्त गर्न सक्छन् । वेबसाइटले डिजिटल बजारमा प्रवेश गर्न चाहने व्यवसाय मालिकका लागि बलियो मौका प्रदान गर्दै आएको छ । पुन: बिक्रेताले आकर्षक व्यवसाय सिर्जना र उपयुक्त उपकरण र स्रोतसँग सुसज्जित गरेर अनलाइन उपस्थिति समाधानको बढ्दो आवश्यकतालाई पूरा गर्ने कार्य गर्दछ ।

**वेबसाइटबाट उपोभोक्तालाई लाभ**

वेबसाइट निर्माणकर्ताको पुन: बिक्री गर्ने व्यक्ति र कम्पनीका लागि धेरै फाइदा रहेको छ । ग्राहकले वेबसाइट प्रयोग गरेर समय र पैसाको बचत गरेर आम्दानी कमाउन सक्छ । आफ्नो कम्पनीलाई छिटो बढाउन सक्ने र भरपर्दो वेबसाइट निर्माणकर्ता प्लेटफर्मको मद्दतले बजारमा भरपर्दो आपूर्तिकर्ताका रूपमा परिचित हुनसक्छ । वेबसाइट बिल्डर रिसेलिङका केही प्रमुख फाइदा निम्न रहेका छन् :

**'क' संगठनमा वेबसाइटको प्रभाव**

आजको व्यस्त कर्पोरेट वातावरणमा बढेको दक्षता सफलताको लागि महत्त्वपूर्ण रहेको छ । अत्याधुनिक आविष्कार र प्रभावकारी कार्यप्रवाह कार्यान्वयन गरेर उद्यमीहरूले उनीहरूको सञ्चालन, प्रभावकारिता बढाउन र थप महत्त्वपूर्ण विस्तार हासिल गर्न सक्छन् । सङ्गठनहरूले फारम सरल बनाउन, म्यानुअल त्रुटि दर कम गर्न र उन्नत चरण र यान्त्रिकीकरण उपकरण ग्रहण गरेर द्रुतरूपमा कार्य बढाउन सक्छन् । यो प्रभावकारिता विकासले समय र सम्पत्ति बचत गर्दा बजारको परिस्थितिमा द्रुत गतिमा फरक संस्थालाई परिवर्तन गर्छ ।

**'ख' रचनात्मक पक्ष र ग्राहकलाई रणनीतिमा केन्दित गर्न**

एआई लेखन सहायकले समय र ऊर्जा बचत गर्दा प्रतिलिपि लेखकलाई थप रचनात्मक हुन मद्दत गरिरहेको छ । प्रतिलिपि लेखकले रणनीतिमा ध्यान केन्द्रित गर्न, नवीन विचार विकास र ग्राहकसँग काम गर्न आकर्षक सामग्री सिर्जना गर्न सक्छ । यस परिवर्तनले थप उत्कृष्ट रणनीतिका साथ सामग्री सिर्जना गर्न सम्भव बनाउने, नवीन सोच र कुशल सञ्चारमा आधारित बलियो ग्राहक जडान प्रवर्द्धन गर्दछ ।

**'ग' छिटो समयमा अधिक ग्राहकलाई प्रबन्धन गर्न**

प्रतिलिपि लेखकले अधिक ग्राहकलाई ह्यान्डल गर्न, व्यावहारिक उपकरण र प्रविधिको प्रयोग गरी छिटो काम पूरा गर्न सक्छ । प्रतिलिपि लेखकले समय बचत गर्ने रणनीति जस्तै एआई लेखन सहायक प्रक्रियालाई अनुकूलन गर्ने र कर्तव्यका लागि प्राथमिकता सेट गरेर गुणस्तरमा सम्झौता नगरी थप काम लिन सक्छन् । यी रणनीतिले उल्लेखनीयरूपमा उत्पादकत्व बढाउन सक्छ । धेरै ग्राहक प्रबन्ध गर्न सम्भव हुने विकास र उपलब्धिका लागि एक पूर्ण अवसर सही रूपमा प्रयोग गरिन्छ ।

**'घ' लागत-प्रभावकारिता**

सामान्य सुविधाका लागि व्यवसायले विकासको लागतहरू हटाउन लागत-प्रभावी विकल्प प्रयोग गरेर उत्पादकत्व बढाउन र प्रक्रियालाई सुव्यवस्थित गर्न सक्छन् । यो रणनीतिले व्यवसायलाई उनीहरूको मुख्य दक्षता र नवीनताका क्षेत्रमा ध्यान केन्द्रित गर्दा समय र पैसा बचत गर्न अनुमति दिन्छ । यो विधि अपनाएमा दीर्घकालीन रूपमा महत्त्वपूर्ण लागत कटौती, नाफा वृद्धि र बजार प्रतिस्पर्धात्मकताको परिणाम हुनसक्छ ।

**'ङ' प्रचलनसँग वर्तमानमा रहनु**

आधुनिक प्रचलन, प्रविधि, र उत्कृष्ट अभ्यासले वेब योजनामा निरन्तर रूपमा उदय भइरहेका छन् । जुन सृष्टिकर्ताले आफ्नो दृष्टिकोण र सेवाहरू परिमार्जन गर्न ग्राहकको विकासशील मागअनुरूप रहेका छन् । यसबाहेक सिर्जनाकर्ताले वेबसाइटलाई प्रतिस्पर्धी र अत्याधुनिक राख्दै साइट निर्माणकर्ताको आदानप्रदानमार्फत उद्यममा अपग्रेड र नयाँ सुविधा द्रुतरूपमा जान मदत गर्न सक्छ ।

**'च' लगातार अपडेटबाट ग्राहकलाई लाभ**

आजको द्रुतगतिको डिजिटल संसारमा बारम्बार अपडेट हुने सुविधा र कार्यात्मकतामा पहुँच हुनु महत्त्वपूर्ण रहेको छ । नवप्रवर्तन द्रुत गतिमा अगाडि बढेको हुनाले नयाँ र सबैभन्दा उन्नत सुविधा भएकाले लाभ दिनसक्छ । सबैभन्दा भर्खरैका प्रकाश र उपकरणसँग राख्दा यसले समग्र ग्राहकको अनुभव, दक्षता र प्रभावकारितालाई अगाडि बढाउन मद्दत गर्दछ ।

**'छ' ग्राहकलाई विस्तृत कोडिङबिना आधुनिक वेबसाइट प्रस्ताव गर्न**

ग्राहकका लागि सानो समकालीन वेबसाइट सिर्जनाले गर्दा सहयोग गर्दछ । प्रयोगकर्ता-अनुकूल साइट निर्माणकर्ता र विषयको सहयोगमा सौन्दर्यले मनमोहक र पूर्णरूपमा कार्यात्मक पेशेवर देखिने वेबसाइट सिर्जना गर्न सक्षम हुन्छ । डिजाइनरका लागि वेबसाइट निर्माणकर्ता रिसेलिङले दक्षता सुधार गर्न, उच्च गुणस्तरको वेबसाइट उत्पादन गर्न र बजारमा उनीहरूको प्रतिस्पर्धात्मक किनारा कायम राख्न एक आकर्षक मौका प्रस्तुत गर्दछ । वेबसाइट निर्माणकर्ताको स्वचालन, दक्षता, प्रयोग गरेर, डिजाइनरले मूल्य-थप सेवा डेलिभर गर्न, उद्योग विकासका बारेमा जानकारी राख्न र तिनीहरूका ग्राहकको विशिष्ट आवश्यकता पूरा गर्ने अनुकूलित समाधान सिर्जना गर्नमा ध्यान केन्द्रित गर्न सक्छन् । पुन: बिक्रेताका लागि वेबसाइट निर्माणकर्ताले डिजाइनर र फर्मलाई द्रुत-गतिको वेब डिजाइन उद्योगमा समृद्ध बनाउन र उपयुक्त रणनीतिका साथ आफूलाई उद्योग नेताको रूपमा स्थापित गर्न सक्षम बनाउन सक्छन् ।

***-इहिमालय टाइम्स डटकम***

# रेसुङ्गा विमानस्थलमा उडान थप,अब हप्तामा चार दिन हुने



**गुल्मी,** वैशाख २४/ यात्रुको चाप बढ्दै गएपछि गुल्मीको रेसुङ्गा विमानस्थलमा उडान थप गरिएको छ । यसअघि तीन उडान गर्दै आएकोमा यात्रुको चापअनुसार एक दिन उडान थप गरिएको हो ।

उडान थप भएसँगै अब हप्तामा चार उडान हुने भएको छ । विमानस्थलबाट सोमबार, बुधबार र शुक्रबार उडान हुँदै आएको छ । अब साप्ताहिक रूपमा शनिबार थप गरेर हप्ताको चार पटक उडान गरिने भएको नेपाल एयरलाइन्स रेसुङ्गा विमानस्थल स्टेसन प्रमुख सुमन थापाले बताए । विमानस्थलमा गत वर्षको वैशाख २९ गतेबाट नेपाल एयरलाइन्सले उडान गर्दै आएको छ । यात्रुको अत्याधिक चाप भएपछि उडान थप गर्नु परेको रेसुङ्गा नगरपालिकाका प्रमुख खिलध्वज पन्थीले जानकारी दिए । उनका अनुसार अहिले यात्रुहरुको चाप दैनिक जसो बढ्दै गएको छ । गुल्मीबाट एक वर्षको अवधिमा करिब ७० वटा उडानमा ८ सयभन्दा बढी नागरिकले हवाई सेवा लिएका छन् । अहिले गुल्मीबाट काठमाडौंका लागि ७ हजार ८० र काठमाडौंबाट गुल्मीका लागि ७ हजार २ सय ८० रुपैयाँ भाडा दर कायम गरिएको छ । गुल्मीको सदरमुकाम तम्घास नजिकै रहेको रेसुङ्गा विमानस्थलबाट नियमित उडान हुन थालेपछि आम गुल्मेलीलाई राहत महशुस भएको छ । छिमेकी जिल्ला अर्घाखाँची, प्यूठान र बाग्लुङलाई पनि रेसुङ्गा विमानस्थल निर्माणपछि टेवा पुगेको छ । विसं २०६३ सालदेखि निर्माण शुरु गरिएको विमानस्थल १६ वर्षपछि सम्पन्न भएको हो । कुल ३३ करोड लगातमा निर्माण गरिएको विमानस्थलको लम्बाई पाँच सय २० मिटर र चौडाइ २० मिटर छ । एक सय ५६ रोपनी क्षेत्रफलमा फैलिएको रेसुङ्गा विमानस्थल समुन्द्र सतहदेखि १५ सय २६ मिटरको उचाइमा पर्छ ।

# रामपुरका महिलालाई हस्तकलाका सामग्री उत्पादन तालिम



**पाल्पा,** वैशाख २४/जिल्लाको रामपुरका महिलाहरुलाई हस्तकलाका सामग्री उत्पादन सम्बन्धी तालिम दिन सुरु गरिएको छ । रामपुर नगरपालिकाको आयोजना र ओम राजश्री मल्टी एग्रो प्रा.लि.काठमाडौंको प्राविधिक सहयोगमा एक महिने तालिम दिन लागिएको हो ।

तालिमको नगर प्रमुख रमणबहादुर थापाले उद्घाटन गरेका हुन् । तालिमको उद्घाटन गर्दै नगर प्रमुख थापाले महिलाहरुलाई उद्यमी बनाई आयआर्जनसँग जोड्न तालिम महत्वपूर्ण भूमिका खेल्ने बताए । देशका प्राय: उद्योग विदेशी कच्चा पदार्थमा आधारित रहेको र त्यसलाई नै प्रवर्द्धन गरिरहेको भन्दै उनले स्वदेशी उत्पादन र वातावरणमैत्री उत्पादनमा बढावा दिन आवश्यक रहेको उल्लेख गरे । नगर प्रमुख थापाले नगरपालिकाले विभिन्न तालिम सञ्चालनका लागि धेरै लगानी गरे पनि लगानी अनुसारको काम नगरेकोमा चिन्ता व्यक्त गरे । उनले भने,‘महिलाहरुलाई नगरपालिकाले गौरव गर्ने वातावरण सिर्जना हुने गरी उद्यमी बन्न जोड दिर्दै आएको छ त्यसका महिलाहरु सक्रिय भएर लाग्नुहोस् ।’ उपप्रमुख बाल कुमारी थापाले स्थानीय उत्पादनको प्रवर्द्धन र बजारिकरणको व्यवस्था नगरपालिकाले गर्ने बताइन । नगरपालिकाले गर्ने विभिन्न कार्यक्रममा स्थानीय उत्पादनको प्रयोगमा जोड दिने उनको भनाई छ । उपप्रमुख थापाले कोशेली घर कार्यक्रममार्फत उत्पादित वस्तुको खरिद विक्रीको व्यवस्था गरिने उल्लेख गरिन ।

नगरपालिकाको सभाहलमा भएको कार्यक्रममा निमित्त प्रमुख प्रशासकीय अधिकृत पुनम धितालले व्यवसाय सञ्चालन गर्न सक्ने गरी सिप सिक्न तालिममा सहभागीहरुलाई आग्रह गरे । आर्थिक विकास समितिका संयोजक दुर्गादेवि भण्डारी गौतमले फालिएर जाने पात र खोस्टाको सदुपयोगसँगै आयआर्जनका लागि तालिम महत्वपूर्ण हुने विश्वास व्यक्त गरिन । कार्यक्रममा ओम राजश्री मल्टी एग्रो प्रा.लि. काठमाडौंका कार्यकारी निर्देशक युवराज गैरेले उद्यमशिलताको परिवर्तन र उत्पादको प्रवर्द्धन गर्न आवश्यक रहेको भन्दै तालिम पश्चात महिलाहरुले सामग्री उत्पादन गरे बजारीकरणको सम्पूर्ण व्यवस्था संस्थाले गर्ने प्रतिबद्धता व्यक्त गरे । उपप्रमुख थापाको अध्यक्षतामा कार्यक्रम भएको थियो । ३० दिन सम्म चल्ने तालिममा नगरपालिका भित्रका ४७ जना महिलाहरुको सहभागिता रहेको थियो । तालिममा प्राकृतिक रेशाजन्य वनस्पतीको पोस्करबाट विभिन्न सामग्री उत्पादन गर्न सिकाइने छ । जहाँ थाकलको पात र मकैको खोस्टाबाट हाते झोला, टोपी,पर्स लगाएतका विभिन्न सामग्रीहरु बनाउन सिकाइने नगरपालिकाले जनाएको छ ।


मनको आवाज............

'नाम पनि यूनिक, काम पनि यूनिक'

यूनिक एफ.एम. ९४.२ मेगाहर्ज

विज्ञापनको लागि सम्पर्क :
यूनिक शोसियल कम्यूनिकेशन प्रा.लि.
तानसेन, पाल्पा
०७५-५२१४६४, ५२१४६६
E-mail
news.uniquefm@gmail.com
www.uniquefm942.com


## खेलकुद समाचार

# चेन्नईले पञ्जाबलाई २८ रनले हरायो



**काठमाडौं,** वैशाख २४/इन्डियन प्रिमियर लिग (आईपीएल) क्रिकेटमा कोलकाता नाइट राइडर्स र चेन्नई सुपर किंग्स विजयी भएका छन् । कोलकाताले लखनउलाई ९८ रनको फराकिलो अन्तरले हराएको हो । कोलकाताले दिएको २ सय ३६ रनको लक्ष्य पछ्याएको लखनउ १६ ओभर १ बलमा १ सय ३७ रनमा समेटियो । लखनउका मार्कर स्टोइनिसले सर्वाधिक ३६ रन बनाए । कोलकाताका नवीन उल हकले ३ विकेट लिए ।

त्यसअघि टस जितेर पहिले ब्याटिङ गरेको कोलकाताले निर्धारित २० ओभरमा ६ विकेट गुमाएर २ सय ३५ रन बनाएको थियो । उसका सुनिल नारिनेले ८१ रन बनाए । जितसँगै अहिलेसम्म खेलेका ११ खेलमा ८ मा जित र ३ मा हार व्यहोरेर १६ अंकका साथ कोलकाता तालिकाको पहिलो स्थानमा उक्लिएको छ । समान ११ खेल खेलेको लखनउ १२ अंकका साथ तालिकाको पाँचौ स्थानमा छ । चेन्नईले पञ्जाबलाई २८ रनले हराएको छ । चेन्नईले दिएको १ सय ६८ रनको लक्ष्य पछ्याएको पञ्जाबले २० ओभरमा ९ विकेटको क्षतिमा १ सय ३९ रन मात्र बनाउन सक्यो । पञ्जाबका लागि प्रभसिम्रन सिंहले सर्वाधिक ३० रन बनाए । त्यसअघि टस हारेर ब्याटिङ गरेको चेन्नईले निर्धारित २० ओभरमा ९ विकेट गुमाएर १ सय ६७ रन बनायो । चेन्नईका लागि रवीन्द्र जडेजाले सर्वाधिक ४३ रन बनाए । जितपछि चेन्नई ११ खेलमा १२ अंक सहित तेस्रो स्थानमा उक्लिएको छ । पञ्जाब भने ११ खेलमा ८ अंक सहित आठौं स्थानमा छ ।


वर्गिकृत डिस्प्ले
१X५ साइजमा मात्र
वर्गिकृत
डिस्प्लेमा
विज्ञापन
दिनुहोस्
व्यवसाय
बढाउनुहोस् ।
सम्पर्क: ०७५-५२०६०१


## अर्थ/कर्पोरेट समाचार

# सुन तोलामा दुई सयले बढ्यो



**पाल्पा,** वैशाख २४/सुनको मूल्य तोलामा दुई सयले वृद्धि भएको छ । नेपाल सुनचाँदी व्यवसायी महासंघका अनुसार सोमबार छापावाला सुन तोलामा दुई सयले वृद्धि भएको हो ।

मूल्य बढेसँगै एक लाख ३५ हजार छ सय पुगेको छ । आइतबार छापवाला सुन तोलामा एक लाख ३५ हजार चार सयमा कारोबार भएको थियो । महासंघका अनुसार तेजावी सुन तोलामा एक लाख ३४ हजार नौ सय ५० निर्धारण भएको छ । आइतबार तेजाबी सुन तोलामा एक लाख ३४ हजार सात सय ५० मा कारोबार भएको थियो । चाँदी मूल्य तोलामा एक हजार छ सय ६० निर्धारण भएको छ । आइतबार चाँदी तोलामा एक लाख छ सय ४० मा कारोबार भएको थियो । सुनको भाउले यतिबेला विश्व बजार नै तातेको छ । अन्तर्राष्ट्रिय बजारमा एकपछि अर्को उचाइ लिएको सुनले नेपालमा पनि नयाँ कीर्तिमान बनाइरहेको छ । अन्तर्राष्ट्रिय कमोडिटी बजारमा हुने माग र आपूर्तिले सुनको मूल्य निर्धारण हुन्छ । जब अन्तर्राष्ट्रिय कमोडिटी बजारमा सुनको माग र आपूर्ति बढी प्रभावित हुन्छ, मूल्य पनि उच्च दरमा घटबढ हुन्छ । यतिबेला अन्तर्राष्ट्रिय बजारमा सीमित आपूर्तिबीच सुनको माग उच्च दरले बढ्दा मूल्यमा असर परिरहेको छ । नेपालमा हाल दैनिक २० किलो सुन आयात गर्न सक्ने व्यवस्था छ । वैदेशिक रोजगारमा रहेकाले ५० ग्रामसम्म सुनका गहना ल्याउन पाउने व्यवस्था छ । सुनको मूल्य बढ्दा नेपालबाट बाहिरिने विदेशी मुद्रा बढ्न जान्छ । विदेशी मुद्रा सञ्चिति घटेका बेला यसले नकारात्मक असर पार्न सक्छ ।



वैदेशिक रोजगारीका सम्बन्धमा ध्यान दिनुपर्ने कुराहरु

- १८ वर्ष उमेर पूरा नभई वैदेशिक रोजगारीमा नजाऔं,
- वैदेशिक रोजगारमा जानुअघि आवश्यक सीप तथा भाषा सिकौं,
- आफू जान लागेको देश, गर्ने काम र पाउने पारिश्रमिकको जानकारी लिऔं,
- अर्काको लहैलहैमा वैदेशिक रोजगारमा नजाऔं,
- ईजाजत प्राप्त कम्पनीमार्फत रोजगारीमा जाऔं,
- सुरक्षित वैदेशिक रोजगारका लागि श्रम स्वीकृति लिएर मात्र जाऔं, नेपालको विमानस्थल प्रयोग गरेर मात्र वैदेशिक रोजगारमा जाऔं,
- सरकारले तोकेभन्दा बढी रकम मागेमा तुरुन्त वैदेशिक रोजगार विभाग वा स्थानीय प्रशासनमा खबर गरौं,
- विदेशमा कमाएको रकम सुरक्षित राखौं र आधिकारिक माध्यमबाट मात्र घर पठाऔं,
- विदेशमा फजुल खर्च नगरौं, कमाएको रकम बचत गरी घर फर्की आफै उद्यमी बनौं,
- पुन: जानुपर्ने भए श्रम स्वीकृति लिएर मात्र जाऔं ।

लुम्बिनी प्रदेश सरकार
गृह मन्त्रालय
राप्ती उपत्यका (देउखुरी), नेपाल



हरेक प्रहरका ताजा समाचारका लागि www.shittalpati.com क्लिक गर्नुहोस् ।



जनचेतना दैनिकको आधिकारीक वेबसाईट
शितलपाटी.कम
www.shittalpati.com डिजिटल पत्रिका




कैलाशनगर मिडिया प्रा.लि.द्वारा प्रकाशित, कार्यालय:भगवतीटोल-३,तानसेन,पाल्पा,फोन:०७५-५२०६०१,E-mail:njdnews@gmail.com,jagdish_sfm@yahoo.com पा.जि.हु.द.नं. ५/२०७८/०७९, पा.जि.प्र.का.द.नं. १९/०५१/०५२ प्रबन्ध संचालक : इन्द्रा भट्टराई, सम्पादक:जगदीशप्रसाद भट्टराई